# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

मितिः- २०७६/५/२२

मिति २०७६।०२।२७ गते भारत तर्फबाट BR 05 AC 4486 नम्बरको मोटरसाइकल चलाई आएका भारत जिल्ला पूर्वी चम्पारण ,८४५३०२ अँचल छौडादानो दर्पा पिपरा वाड न. ११ बस्ने चन्द्रेश्वर प्रसादको छोरा वर्ष २५ को बृजकिशोर कुमारको शरिर खानतलासी लिँदा प्रतिवादीको साथबाट बरामदित नेपाली रुपैया रु. ५७,७९,४९०।— (अक्षरेपी सन्ताउन्न लाख उनान्असी हजार चार सय नब्बे मात्र) को स्रोत खुलाउन नसकेकाले आवश्यक कारवाहीका लागि भनी यस विभागमा जिल्ला प्रहरी कार्यालय बाराबाट प्राप्त हुन आएको उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादीहरु वृजकिशोर कुमार र विरेन्द्रप्रसाद यादवको आपसी योजना र मिलोमतो एवं संलग्नतामा कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जान्दा जान्दै वा विश्वास गर्नु पर्ने मनासिव आधार हुँदाहुँदै निज प्रतिवादीहरुले त्यस्तो सम्पत्तिको गैरकानूनी स्रोत (Illicit Origin), सही प्रकृति लुकाउने, छल्ने वा बदल्ने उद्देश्यले त्यस्तो सम्पत्तिको प्राप्ति, प्रयोग एवं धारण गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) को देहाय (क)(ख) र (ग) ले निषेधित कार्य गरी गराई सम्पत्ति शुद्धीकरणजन्य कसूर गरेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादीहरु वृजकिशोर कुमार र विरेन्द्र प्रसाद यादव जना-२ लाई सोही ऐनको दफा ३(१) र ३(३) को कसूरमा रु. ५७,७९,४९०।- (सन्ताउन्न लाख उनासी हजार चारसय नब्बे मात्र) विगो कायम गरी ऐ. ऐनको दफा ३०(१) बमोजिम जनही विगोको दोब्बर जरिवाना र कसूरको गाम्भीर्यता अनुसार कैद सजाय हुन एवं सो ऐनको दफा २८(२) तथा दफा ३४(१)(क) बमोजिम बरामदित ने.रु. ५७,७९,४९०।- जफत हुन र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्न प्रयोग भएको BR 05 AC 4486 नं. को मोटरसाइकल ऐ. ऐनको दफा ३४(१)(ख) बमोजिम जफत हुन मागदावी लिई सम्मानित विशेष अदालत काठमाडौं समक्ष मिति २०७६/५/२० गते सम्पत्ति शुद्धीकरणको कसुरमा अभियोग पत्र दर्ता गरिएको छ ।

प्रवक्ता/सूचना अधिकारी